# मालारानी गाउँपालिकाको उत्पादन र बिक्रिमा आधारित अनुदानकार्य विधि, २०८२

प्रमाणिकरण मिति २०८२/०५/२९

मालारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

# मालारानी गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाची
# "मालारानी गाउँपालिकाको उत्पादन र बिक्रिमा आधारित अनुदान कार्यविधि, २०८२"

**प्रमाणिकरण मिति २०८२/०५/२९**

**प्रस्तावना**

मालारानी गाँउपालिका क्षेत्रभित्र कृषि तथा पशुपालन गर्ने किसानहरुलाई उनीहरुले उत्पादन गरेको कृषि तथा पशुजन्य उत्पादनमा उत्पादनको आधारमा आर्थिक सहयोग गदै कृषि तथा पशुपालन पेशामा आकर्षण बढाउने उद्धेश्यले संस्थागत रुपमा पशु उपज तथा दुध बेचविखन गर्न साथै कृषकहरुलाइ व्यवसायिक र प्रतिस्पर्धी बनाई उनीहरुको आय आर्जन बृद्धि गरी स्वाबलम्बी बनाउन बाञ्छनीय भएकोले गाँउ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) संक्षिप्त नाम–यस कार्यविधिको नाम "मालारानी गाँउपालिकाको उत्पादन र बिक्रिमा आधारित अनुदान कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा र व्याख्या**

१. बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) "गाँउपालिका" भन्नाले मालारानी गाँउपालिकालाई सम्झनु पर्दछ।

(ख) "अध्यक्ष" भन्नाले मालारानी गाँउपालिका अध्यक्ष सम्झनु पर्दछ।

(ग) "उपाध्यक्ष" भन्नाले मालारानी गाँउपालिका उपाध्यक्ष सम्झनु पर्दछ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मालारानी गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ङ) "आर्थिक विकास समितिको संयोजक" भन्नाले गाँउ कार्यपालिकाको बिषय क्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समिति सम्झनु पर्दछ।

(च) "वडा" भन्नाले मालारानी गाँउपालिकाका सबै वडाहरुलाई सम्झनु पर्दछ।

(छ) "शाखा" भन्नाले कृषि तथा पशु विकास शाखालाइ सम्झनुपर्छ।

(ज) "मासुजन्य उत्पादन" भन्नाले खसि तथा बोका मात्र सम्झनु पर्नेछ।

(झ) "सहकारी" भन्नाले कृषि तथा पशुजन्य वस्तु तथा दुध उत्पादन तथा बिक्रिमा संलग्न मालारानी गाउँपालिका भित्रका सहकारीहरू लाई जनाउनेछ।

**३. प्रस्तावित कार्यविधिको उद्धेश्य**

१. हाल मालारानी गाँउपालिकाका अधिकांश कृषकहरु निर्वाहमुखि कृषि तथा पशुपालन व्यवसाय गरिरहेको अवस्थालाइ मध्यनजर गर्दै कृषकहरुलाई अझ व्यवसायिक बनाउन प्रेरित गराउदै पालिका स्तरिय कृषि तथा पशु उत्पादनमा कृषकहरुलाई थप प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्ने ।

**४. अनुदान उपलब्ध गराउन सकिने कृषि तथा पशुजन्य वस्तुहरू:**

१. गाउँपालिकाले आफ्नो स्वीकृत बजेटको परिधिभित्र रहि पशुजन्य उत्पादन मासु (खसि बोका) उत्पादन र बिक्रिमा मा अनुदान साथै कृषकहरले उत्पादन गरेको दुध संकलन गरि बजारसम्म पुर्याउन ढुवानीमा अनुदान उपलब्ध गराउनेछ ।

**५. गाँउपालिका भित्र रहेका कृषि सहकारी संस्थाहरुलाइ पशु उपज (खसि बोका) संकलन तथा बिक्रि र दुध संकलन तथा ढुवानी कार्यक्रममा सहभागिताका लागि सुचना प्रकाशन गर्ने :**

१. मालारानी गाँउपालिका भित्र कृषकहरुले उत्पादन गरेका पशु उपज ( खसि बोका) खरिद तथा बिक्रि गर्न चाहने कृषि सहकारी संस्थाहरु र दुध संकलन गरि बिक्रि गर्न चाहने दुग्ध सहकारी संस्थाहरुलाइ सुचिकृत हुनका लागी अनुसुचि १ बमोजिमको ७ दिनको अवधि दिइ सुचना प्रकाशन गरिनेछ ।

**६. सुचिकृत हुनु पर्ने:**

१. दफा ५ (१) बमोजिम सुचना प्रकाशन भएपछि उत्पादकबाट पशु उपज (खसि बोका) खरिद तथा बिक्रि गर्न चाहने तथा उत्पादनका आधारमा अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषि सहकारी संस्थाहरु साथै दुध संकलन तथा बिक्रि गर्न चाहने सहकारी संस्थाले सो सुचनाको अवधिभित्र देहायको विवरण खुल्ने गरि अनुसुचि २ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

(क) संस्थाको नाम र ठेगाना

(ख) शेयर पुँजी

(ग) कारोवार रकम

(घ) संस्थाको कार्यक्षेत्र

(ङ) पशु उपज ( खसि बोका ) कारोवार गर्न चाहेको क्षेत्र वा वडा

(च) पशु उपज ( खसि बोका) र दुध संकलन एवं बजार व्यवस्थापन सम्बन्धी विवरण त्यसका लागी आवश्यक जनशक्तीको व्यवस्थापन

(छ) अन्य विवरण

२. उपदफा १ बमोजिम दिइने निवेदनका साथ संस्था दर्ता तथा नवीकरण र करचुक्ता प्रमाण पत्रको प्रतिलिपी र लेखा परीक्षण प्रतिवेदन तथा कार्यालयले मागेका आवश्यक कागजात पेश गर्नु पर्नेछ ।

३. उपदफा १ बमोजिम प्राप्त निवेदनका आधारमा दफा ५ बमोजिम प्रकाशन भएको सुचनाको अवधि समाप्त भएको मितिले ७ दिन भित्र गाँउ कार्यपालिकाको कार्यालयले तोकेको मापदण्ड पुरा गरेका निवेदनहरुलाई सुचिकृत गर्नेछ । सुचिकृत संस्थाको नाम र ठेगाना सहितको विवरण गाँउ कार्यपालिकाको कार्यालयले सार्वजनिक गर्नु पर्नेछ । छनौटको सम्पुर्ण अधिकार मालारानी गाँउपालिकामा रहनेछ ।

४. छनौट भएका सहकारी संस्थासंग गाँउ कार्यपालिकाको कार्यालयले अनुसुचि ३ बमोजिम सम्झौता गरि कार्यक्रम संचालन गर्नेछ ।

**७. अनुदान उपलब्ध गराउने विधि :**

**खसि बोकाको हकमा**

क) कृषकहरुले अनुदान प्राप्त गर्नका लागि तोकेको सहकारी संस्था मार्फत बिक्रि वितरण गरेको हुनु पर्नेछ ।

ख) जिउदो खसि/ बोका बिक्रिमा अनुदान– मालारानी गाँउपालिका भित्रका बाख्रा पालक कृषकहरु सहकारी मार्फत बार्षिक कम्तीमा १०० के.जी. वा सो भन्दा बढी जिउदो खसी बोका तौल गरी विक्री गरेमा प्रति के.जी. रु २० का दरले छनौट भएका सहकारीहरु मार्फत अनुदान उपलब्ध गराईने छ ।

ग) सहकारी संस्थाहरुले पशु जन्य वस्तु (खसि बोका) खरिद गरेको र बिक्रि गरेको अभिलेख अनुसुचि ३ बमोजिम स्पष्टसँग राखेको हुनु पर्नेछ ।

घ) सहकारी संस्थाले अनुसुचि ४ बमोजिमको ढाँचामा राखेको अभिलेखको आधारमा सहकारी तथा वडाले गाँउपालिकालाइ बिक्रिको परिमाण र रकम सिफारिस गरि पठाउनु पर्नेछ ।

ङ) सहकारी तथा वडाको सिफारिसको आधारमा पालिकाबाट पशु जन्य वस्तु (खसि बोका)को बिक्रिमा आधारित अनुदान उपलब्ध हुनेछ ।

च) गाँउपालिकाले सहकारीको अभिलेखको समय समयमा अनुगमन निरीक्षण गर्नेछ र झुट्ठा विवरण राख्ने र पेश गर्ने सहकारीहरुलाई कानुन अनुसारको कारवाहि तथा दर्ता खारेजी गर्न सक्नेछ ।

छ) अनुदान उपलब्ध गराउँदा सहकारी संस्थाले पेश गरेको खरिद बिक्रिको अभिलेखको आधारमा गाँउपालिकाबाट सहकारी संस्थालाइ चौमासिक रुपमा अनुदान उपलब्ध गराइनेछ र सहकारी संस्था मार्फत कृषकहरुले बिक्रिको आधारमा अनुदान प्राप्त गर्नेछन ।

ज) कृषकहरुले प्राप्त गर्ने अनुदान रकम रु ५०००। भन्दा माथी भएमा अनिवार्य कृषकको बैंक खातामा उपलब्ध गराउनु पर्नेछ तर ५०००। भन्दा कम अनुदान रकम भएमा भरपाई मार्फत सोझै उपलब्ध गराउन सकिनेछ। अनुदान प्राप्त गरेको विवरणको एक प्रति सहकारी संस्थाले गाँउपालिकामा बुझाउनु पर्नेछ।

**दुध बिक्रिको हकमा**

क) दुध ढुवानीमा अनुदान उपलब्ध गराउदा दुग्ध सहकारी संस्थाले कृषकबाट दुध संकलन गरेको रेकर्डका आधारमा प्रति लिटर रु ४। का दरले सहकारी संस्थालाइ ढुवानी अनुदान उपलब्ध गराइनेछ। साथै सहकारी संस्थाले दुध संकलन र बिक्रिको अनुसुचि ४ बमोजिम व्यवस्थित अभिलेख राखि सो को विवरण चौमासिक रुपमा वडा कार्यालयको सिफारिस सहित गाँउपालिकामा बुझाउनु पर्नेछ।

ख) ढुवानी अनुदान रकम भुक्तानी गर्दा कार्यालयले दुध संकलन गर्ने सहकारी संस्थालाई चौमासिक रुपमा भुक्तानी गर्नेछ।

**८. व्यवस्थापन खर्च**

(१) दफा ६ को उपदफा ४ बमोजिम सम्झौता गरिएका सहकारी संस्थाहरुलाई कार्यक्रम व्यवस्थापन वापत बार्षिक रुपमा तपसिल बमोजिम व्यवस्थापन खर्च सहकारी संस्थालाइ उपलब्ध गराइनेछ।

तपसिल

क) वार्षिक ५ देखी १५ कुविन्टल सम्म बिक्रि गरेमा रु १५०००।

ख) वार्षिक १५ देखी २५ कुविन्टल सम्म बिक्रि गरेमा रु २००००।

ग) वार्षिक २५ कुविन्टल भन्दा माथी बिक्रि गरेमा रु २५०००।

दुध संकलन गरि बजारीकरण गर्ने सहकारीको हकमा कार्यक्रम व्यवस्थापन खर्च उपलब्ध गराइने छैन।

**९. उत्पादकलाइ रकम भुक्तानी गर्ने :**

क) सहकारी संस्थाले कृषकहरुबाट खरिद गरेको पशु उपजको प्रत्यक्ष खरिद गरि त्यसरी खरिद गरेको पशु जन्य वस्तु (खसि बोका) को भुक्तानी सोहि दिनमा वा खरिद गरेको मितिले १५ दिन भित्र सम्बन्धित कृषकलाइ भुक्तानी गरि सक्नुपर्नेछ।

**१०. उत्पादकले पालना गर्नु पर्ने शर्तहरु**

१. उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन र अनुदान रकम प्राप्त गर्नका लागी गाँउपालिकाद्धारा तोकिएको सहकारी संस्थामार्फत बिक्रि गरको हुनु पर्नेछ।

२. उत्पादकले आफैले पालन तथा उत्पादन गरिएका पशु जन्य वस्तु (खसि बोका) बिक्रि गर्नु पर्नेछ साथै स्वस्थ र गुणस्तरीय हुनु पर्नेछ, अस्वस्थ वा कम गुणस्तरीय वस्तु बिक्रिको लागि ल्याइएमा सहकारी संस्था खरिद गर्न वाध्य हुनेछैन।

३. उत्पादकले ढाँटछल गरि अन्य क्षेत्रको उत्पादन आफ्नो भनि बिक्रि गरेमा वा परीक्षण गर्दा गुणस्तरहीन वा कम गुणस्तरको उत्पादन भेटिएमा त्यस्ता कृषकलाइ प्रचलित कानुन बमोजिम कारवाहि गरि कालो सुचिमा राखीनेछ साथै आगामी दिनमा गाँउपालिकाबाट प्रदान हुने कुनै पनि सेवा सुविधा उपलब्ध गराइने छैन।

## ११. छनौट भएका सहकारी संस्थाले पालना गर्नु पर्ने शर्तहरु

१. छनौट भएका सहकारी संस्थाले देहाय बमोजिमको शर्तहरुको पालना गर्नु पर्नेछ।

क) कार्यविधिको पालना गर्ने।

ख) पशु जन्य वस्तु (खसि बोका) खरिद बिक्रि र दुध संकलन सम्बन्धी न्युनतम मापदण्डको पालना गर्ने।

ग) कृषकहरुलाई कृषि तथा पशु उपजको भुक्तानी तोकिएको समयमा उपलब्ध गराउनु पर्ने।

घ) छनौट भएका सहकारी संस्थाहरुले गलत विवरण राखि खरिद बिक्रिको गलत वा झुटा ठहरिएमा तथा खरिद गरेको पशु उपजको परिमाण अनुसारको रकम यस कार्यविधिमा उल्लेख भएको अवधि भित्र उत्पादकलाइ भुक्तानी नदिएमा प्रचलित कानुन अनुसार कारवाहि गरिनेछ र कालो सुचिमा राखि सुचिबाट हटाइनेछ र अन्य सेवा सुविधा समेत उपलब्ध गराइनेछैन।

## १२. पशुजन्य वस्तुको खरिद तथ विक्री मूल्य

(क) सहकारीहरूले आफ्ना सबै सदस्यहरूको सहभागितामा पशु जन्य वस्तु (खसि बोका) खरिद तथा विक्री मूल्य निर्धारण गर्न सक्नेछन्।

(ख) पशुजन्य वस्तु (खसि बोका) को मूल्य निर्धारण गर्दा उत्पादित वस्तुको प्रकृति हेरी चौमासिक, अर्धबार्षिक, वा बार्षिक रुपमा मूल्य निर्धारण गर्न सक्नेछन्।

(ग) कृषकहरूको सहभागितामा सहकारीले निर्धारण गरेका मूल्यको सूचि सहकारीले सबैले देख्ने गरी संकलन केन्द्रमा टाँस गर्नुपर्नेछ।

(घ) खरिद र बिक्रीको मूल्य निर्धारण गर्दा यथासक्य खरिद र विक्री मूल्य विचको अन्तर कम हुनु पर्नेछ। तर मूल्य निर्धारण गर्दा भण्डार अवधिमा हुन सक्ने नोक्सानीलाई समेत ध्यान दिनुपर्नेछ।

(ङ) खरिद र बिक्री मूल्यबिच हुने अन्तरबाट हुने आम्दानी सम्बन्धित सहकारीको हुनेछ र उक्त रकम सहकारीले संस्थाको निर्णय बमोजिम कर्मचारी व्यवस्थापन लगायत

सहकारीको अन्य व्यवस्थापकीय खर्चमा लगाउन सक्नेछ ।

(च) पशु जन्य वस्तु (खसि बोका)को मूल्य निर्धारणको क्रममा सम्बन्धित वडा कार्यालय तथा गाउँपालिकाको कृषि तथा पशु विकास शाखालाई सहजिकरणको लागी सहकारीले आमन्त्रण गर्न सक्नेछन् ।

(छ) गाँउ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूले कुनै कार्यक्रम गर्दा गाउँपालिका भित्रका सहकारीहरूमार्फत पशुजन्य वस्तु(खसि बोका) खरिद गर्ने कार्यलाई प्राथमिकता दिनुपर्नेछ ।

**१३. अनुदान रकम निकासा**

खसि बोका बिक्री र दुध ढुवानीमा आधारित अनुदान उपलब्ध गराउँदा गाउँपालिकाबाट चौमासिक रुपमा उपलब्ध गराइनेछ ।

**१४. अन्य क्षेत्रमा अनुदान**

बिक्रीमा आधारित अनुदान बाहेक गाउँसभाबाट स्वीकृत कार्यक्रम बमोजिमको कृषि तथा पशुक्षेत्रको अनुदान प्रदान गर्न यो कार्यविधिले बाधा पुर्याएको मानिने छैन ।

**१५. व्यवस्थापन समिति**

(क) अनुदान व्यवस्थापन गर्न गाँउपालिकामा निम्न बमोजिमको व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| गाँउपालिका अध्यक्ष | – अध्यक्ष |
| गाँउपालिका उपाध्यक्ष | – सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| आर्थिक विकास समितिका संयोजक | – सदस्य |
| कृषि विकास शाखा प्रमुख | - सदस्य |
| सहकारी शाखा प्रमुख | - सदस्य |
| पशु विकास शाखा प्रमुख | – सदस्य सचिव |

**१६. व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार**

क) कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने ।

ख) सुचिकृत संस्थाहरु छनौट गर्ने ।

ग) सहकारी संस्थाले राखेको अभिलेखको निरिक्षण तथा अनुगमन गर्ने ।

घ) सहकारी संस्थाले पेश गरेको खसि बोका बिक्रि र दुध संकलन गरेको अभिलेखको आधारमा भुक्तानीका लागी सिफारिस गर्ने ।

**१७. अनुगमन तथा मूल्याङ्कन**

(क) यस कार्यबिधि अनुरुप काम भए नभएको सम्बन्धमा व्यवस्थापन समितिले अनुगमन तथा सुझाव दिन सक्नेछ ।

(ख) यस बमोजिम वितरण भएको अनुदान रकमको जानकारी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**१८. सेवा सुविधा सम्बन्धमा:** कार्यपालिका र अनुदान व्यवस्थापन समितिका पदाधिकारीहरुलाइ बैठक तथा अनुगमनमा सहभागी भए वापत नियमानुसार सेवा सुविधा प्रदान गरिनेछ ।

**१९. बाधा अड्काउ फुकाउने :** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**२०. संशोधन तथा परिमार्जन :** यस कार्यविधिलाइ आवश्यक्ता अनुसार गाँउ कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**२१. प्रचलित कानुन लागु हुने:** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा व्यवस्था भएकोमा सोहि बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ । यस सन्दर्भमा द्धिविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा गाँउपालिकाको व्याख्या अन्तिम हुनेछ ।

**२२. खारेजी र बचाउ:** मालारानी गाँउपालिकाको कृषि तथा पशु जन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि- २०७६ खारेज गरिएको छ । सो कार्यविधि बमोजिम उभए गरेका काम कारवाहि यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसुचि १
## उत्पादनमा आधारित अनुदान कार्यक्रमको सुचना

यस कार्यालयको आ व ....... को स्वीकृत कार्यक्रम उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न इच्छुक कृषि सहकारी संस्थाहरुले यो सुचना प्रकाशन भएको मितिले .............. दिन भित्र यस कार्यालयमा आवश्यक कागजात सहित निवेदन पेश गर्नु हुन अनुरोध छ।

१. अनुसुचि २ अनुसारको ढाँचामा निवेदन
२. सुचिकृत हुन चाहाने संस्थाको निर्णय
३. वडा कार्यालयको सिफारिस
४. संस्था दर्ता तथा नविकरण र करचुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि

## अनुसूची २

## पशु जन्य (खसि बोका) उत्पादक कृषकलाइ उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा सहभागी हुन कृषि सहकारीहरुले कार्यालयमा पेश गर्ने आवेदनको ढाँचा

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु
मालारानी गाउँपालिकाको कार्यालय
खनदह, अर्घाखाँची

**विषय: उत्पादनका आधारमा अनुदान कार्यक्रममा सहभागी हुन पाउ ।**

**महोदय**

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति .................... गते प्रकाशन गरिएको सुचना अनुसार मालारानी गाँउपालिका वडा नं ................ मा अवस्थित श्री .................................. कृषि सहकारी संस्थाले सामुहिक रुपमा खसि बोका संकलन गरि खरिद बिक्रि कार्यमा सहभागी हुन इच्छुक रहेकोले तपशिल अनुसारको कागजात सहित आवेदन पेश गरिएको छ ।

**तपशिल**

१. अनुसुचि २ बमोजिमको आवेदन पत्र
२. संस्था दर्ता प्रमाण पत्र कर चुक्ता र गत आ व को लेखा परिक्षण प्रतिवेदन को प्रतिलिपि
३. कार्यक्रम माग सम्बन्धि संचालक समितिको निर्णय
४. यस कार्यविधिको दफा ६ मा माग गरिएको अन्य विवरणहरु

## अनुसुचि ३

## उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालनका निम्ति सहजिकरणका गर्ने ................................. सहकारी र मालारानी गाँउपालिका बिच भएको सम्झौता पत्र

मालारानी गाँउपालिका क्षेत्रभित्र पशुपालन गर्ने किसानहरुलाई उनीहरुले उत्पादन गरेको पशुजन्य उत्पादनमा उत्पादनको आधारमा आर्थिक सहयोग गर्दै कृषि तथा पशुपालन पेशामा आकर्षण बढाउने उद्धेश्यले संस्थागत रुपमा पशु उपज(खसि बोका) बेचविखन गर्न साथै कृषकहरुलाइ व्यवसायिक र प्रतिष्पर्धी बनाई उनीहरुको आय आर्जन बृद्धि गरी स्वाबलम्बी बनाउन मालारानी गाँउपालिकाद्धारा उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालनमा ल्याइएको छ । उत्पादनमा आधारित अनुदान कार्यक्रमको व्यवस्थापन तथा सहजिकरण गर्नका लागी मालारानी गाँउपालिकामा सुचिकृत भइ छनौट भएको ........................................... सहकारी संस्था र मालारानी गाँउपालिका बिच तपशिल बमोजिमको सम्झौता शर्तहरुमा राजी भइ यस समझदारी पत्रमा हस्ताक्षर गरिएको छ ।

**शर्तहरु**

- सुचिकृत संस्थाले आफ्नो कार्यक्षेत्र भित्र रहेका कृषकहरुले उत्पादन गरेका पशु उपज (खसि/ बोका)को नियमित सहकारी संस्थाबाट कारोवार गर्ने कृषकहरुले सम्बन्धित संस्थाबाट बिक्रि गरेको अभिलेख व्यवस्थित रुपमा राख्नु पर्नेछ ।
- सुचिकृत संस्थाले दैनिक कारोबारको अभिलेखिकरण गर्नु पर्नेछ ।
- अनुदान रकम भुक्तानीका लागी पशु उपज (खसि/ बोका) बिक्रि कारोवारको अभिलेख र अन्य आवश्यक कागजात सहकारी संस्थाले चौमासिक रुपमा पेश गर्नु पर्नेछ ।
- सहकारी संस्थाले पेश गरेको कागजातका आधारमा खसि बोका बिक्रिमा कम्तिमा १०० के जी जिउदो बिक्रि गर्ने कृषकहरुलाइ प्रति के जी रु २०। का दरले हुन आउने रकम मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजनाद्धारा सम्बन्धित सहकारी संस्थाको खातामा उपलब्ध गराइनेछ ।
- सहकारी संस्थामा भुक्तानी भएको अनुदान रकम सहकारी संस्थाले १५ दिन भित्र सम्बन्धित कृषकलाइ उपलब्ध गराइ सक्नु पर्नेछ ।
- छनौट भएको सहकारी संस्थाद्धारा राखिएको खरिद बिक्रि र मुल्यको अभिलेखिकरण गलत वा झुठा ठहरिएमा सो सुचिकृत संस्थालाइ गाँउपालिकाद्धारा कालो सुचिमा राखिनेछ तथा नियमानुसार कारवाही गर्ने अधिकार मालारानी गाँउपालिकामा हुनेछ ।

- यो सम्झौताको अवधि ....................................... गते सम्म हुनेछ ।
- अन्य आवश्यक कुराहरु गाँउपालिकाले थपघट गर्न सक्नेछ ।
- छनौट भएको सहकारी संस्थाले उत्पादनमा आधारित अनुदान कार्यक्रमको सहजिकरण तथा व्यवस्थापन गरे वापत वार्षिक रुपमा व्यवस्थापन खर्च वापत तपसिल बमोजिम व्यवस्थापन खर्च उपलब्ध गराइनेछ ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| नाम: | नाम: |
| पद: | पद: |
| ...................सहकारी संस्था लि | मालारानी गाँउपालिका |
| गाँउपालिका | खनदह अर्घाखाँची |

अनुसूची ४

सहकारीबाट अनुदान माग फाराम

सहकारीको नामः

ठेगानाः

विवरणको अवधिः ...................... देखि ................ सम्म

| क्र. सं. | बिक्री मिती | कृषकको नाम | समूहको नाम | बिक्री खसि/ बोका संख्या | के. जी. | जम्मा बिक्री रकम | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

जम्मा अनुदान प्राप्त गर्ने कृषकको संख्याः .........

बिक्री गरिएको खसी बोका संख्याः .........

बिक्री खसि बोकाको जम्मा के.जी. ...........

माग गरिएको रकम रु. ...........

विवरण तयार गर्नेको हस्ताक्षर .............

विवरण तयार गर्नेको नामः ..............

विवरण तयार गर्नेको पदः ................

मितिः

प्रमाणित गर्नेको हस्ताक्षरः.................

प्रमाणित गर्नेको नामः .....................

प्रमाणित गर्नेको पदः ........................

मितिः

**आज्ञाले,**

**गोविन्द भट्टराई**

**प्रमुख प्रशासकीय अधिकृत**